# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७९/०८०-
च.नं. : ४८१६

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

मिति:२०८०/०२/१९

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

विषयः निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८० जेठ १७ गते बुधबार बसेको आ. व. ०७९/८० को अठारौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना सात (७) थान यसै साथ संलग्न छ। सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ।

..............................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८०/०२/१७ गते बुधबार बिहान ८:३० बजे आ.व. २०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको अठारौँ बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अंनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

| | | |
|---|---|---|
| श्री राजेन्द्र भट्टराई | आर्थिक प्रशासन शाखा | वरिष्ठ लेखा अधिकृत |
| श्री सिर्जना बर्तौला | प्रशासन शाखा | सहायक पाचौं |

२०८० जेठ १७ गते बसेको गाउँ कार्यपालिकाको अठारौं बैठकको छलफलका विषयहरु :

१. विगतका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२. मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ को दफा ४ (१) बमोजिम खेलकुद विकास समितिको संयोजक तोक्ने सम्बन्धमा ।

३. हावाहुरी तथा विपद्‌बबाट घर गोठ लगायतका संरचना क्षति भई राहत माग भई आएको सम्बन्धमा ।

४. तत्काल सञ्चालन गर्नु पर्ने साना योजना तथा सहायता सम्बन्धमा ।

५. वनकरिया आय आर्जन कार्यक्रम सञ्चालन सम्बन्धमा ।

६. अपाङ्ग सहायता सामग्री वितरणको लागि नपुग रकम सम्बन्धमा ।

७. स्वीकृत आई.ई.ई बमोजिम लोथर खोला उत्खनन तथा नदीजन्य सामग्री संकलन सम्बन्धमा ।

८. स्वीकृत आई.ई.ई बमोजिम मनहरी खोला उत्खनन तथा नदीजन्य सामग्री संकलन सम्बन्धमा ।

९. फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिका बैठकबाट भएको अधिकांश निर्णय कार्यान्वयन भइसकेका र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९ को दफा ४ (क) बमोजिम मनहरी गाउँपालिका वडा नं. ७ निवासी खेलकुद क्षेत्रमा सक्रिय श्री विरु लामा मनहरी खेलकुद विकास समितिको संयोजक तोक्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा जेठ महिनाको पहिलो हप्ता गाउँपालिका क्षेत्रको विभिन्न भागमा आएको हावाहुरी तथा असिनाको कारण गाउँपालिकावासीहरुको घर, गोठ तथा बालीनालीमा क्षति पुग्न गएको हुँदा राहत माग गर्नेहरुको पुग्न गएको क्षतिको यथार्थता एकीन गर्न हावा हुरी तथा आगलागी पीडितको लागि जस्तापाता/राहत वितरण कार्यविधि, २०७६ को दफा ९ (१) मा भएको व्यवस्था बमोजिमको अनुगमन तथा समन्वय समितिले अनुगमन गरी भएको निर्णयानुसार राहत रकम/जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।



मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

कालाखेती

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकाबाट स्थानीयवासीको माग तथा आवश्यकताको आधारमा तपसिल बमोजिम योजनाहरु तत्काल नगर्दा शुरु हुन लागेको मनसुनका कारण हुने बर्षात तथा बाढी पहिरोका कारण जनजीवन कष्टकर हुने थप जोखिम बहन गर्नु पर्ने हुँदा तपसिलका योजनाहरु तपसिल बमोजिम बजेटबाट सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | रकम | शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | लामिटार जाने पुलको मुखमा ढलान मनहरी ९ | ५,००,०००। | लामिटार चकरी मकरी सडक स्तरोन्नती समपुरक गा.पा. | |
| २. | निर्मल वस्ती खानेपानी योजना मनहरी ७ | २,००,०००। | लामिटार चकरी मकरी सडक स्तरोन्नती समपुरक गा.पा. | नपुग भएकोले थप |
| ३. | च्यापल टाँडी उकालो बाटो तटबन्धन तथा संरक्षण | २,००,०००। | लामिटार चकरी मकरी सडक स्तरोन्नती समपुरक गा.पा. | |
| ४. | शिखरबास, नयाँगाउँ, मैतेटोल विष्ट टोलमा फलामे पोल फेर्दा खन्न पुर्न तथा तार तान्न | लागत अनुमान बमोजिम | विपद् व्यवस्थापन कोष | हावाहुरीले काठेपोल भाँचिएको हुँदा |
| ५. | मीना स्याङ्तान मनहरी १ | २०,०००। | विपद् व्यवस्थापन कोष | |
| ६. | नमूना भूमिगत सिञ्चाई उपभोक्ता समिति सिञ्चाई योजना सञ्चालन | २,८२,०००। | लामिटार चकरी मकरी सडक स्तरोन्नती समपुरक गा.पा. | |
| ७. | नेपाली सेना सुनाचुरी ब्यारेकलाई २० वटा डस्टविन | लागत अनुमान बमोजिम | आर्थिक सहायता | खरिद गरी हस्तान्तरण गर्ने |
| ८. | इलाका प्रहरी कार्यालय मनहरीलाई एक थान कम्प्युटर | ७५०००। | आर्थिक सहायता | खरिद गरी हस्तान्तरण गर्ने |
| ९. | वडा नं. ६ स्थित राप्ती | ५,००,०००। | विपद् व्यवस्थापन कोष | |



मनहरी गाउँपालिका कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | खोला नियन्त्रण | | | |
| १०. | हाँडिखोला सानान्नटार काठेपूल निर्माण नपुग रकम थप | रु ५०,०००। | लामिटार चकरी मकरी सडक स्तरोन्नती सम्पुरक गा.पा. | नपुग रकम थप |
| ११. | ७ नं. वडा कार्यालय जाने बाटो स्ल्याब ढलान | रु १,८०,०००। | ७ नं. वडा कार्यालय घेराबार शिर्षकमा ठेक्का लगाई बाँकि रहेको रकम | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने लोपोन्मुख जातिको रुपमा रहेका वनकरिया समुदायको आय आर्जन तथा जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले आ.व. २०७९।०८० को बार्षिक बजेटमा समावेश भएको बनकरीया आय आर्जन शीर्षकको रकमबाट सम्बन्धित वडाको सिफारिसको आधारमा गाउँपालकाको वडा नं. ४ मा बसोबास गर्ने तपसिल बमोजिम बनकरियाहरुलाई पाडी खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

१. विष्णुमाया बनकरिया

२. कान्छीमाया बनकरिया

३. ठूलीमाया बनकरिया

४. गोमा बनकरिया

५. सन्तमाया बनकरिया

६. माया बनकरिया

७. लालमाया बनकरिया

८. विमला बनकरिया

९. जमुना बनकरिया

१०. विशाल बनकरिया

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा गाउँपालिका भित्र रहेका अपाङ्गहरुको जीवन सहज बनाउनको निमित्त आर्थिक बर्ष २०७९।०८० को बार्षिक बजेटमा अपाङ्गता सहायता सामग्री शीर्षकमा रु. ८,००,०००। विनियोजन भएको,

विनियोजित रकमबाट हाल माग हुन आएका ५८ जना अपाङ्गहरुको लागि सहायता सामग्री वितरण गर्न रकम नपुग हुने र अपाङ्गता भएकाहरुको सिपमुलक क्षमता विकास तालिम शीर्षकको रु. ५,००,०००। रकमान्तर गर्न सिफारिस गर्ने व्यहोराको निर्णय मिति २०८०।०२।०८ मा बसेको अपाङ्ग समन्वय समितिको भएको हुँदा सोही बमोजिम रु. १३,००,०००। बराबरको रकमबाट अपाङ्ता सहायता सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कार्यालयको सूचना बमोजिम आ.व. २०७९/८० को लागि लोथर खोलाको स्वीकृत IEE प्रतिवेदन बमोजिम नदिजन्य पदार्थको राजश्व संकलन ठेक्का मार्फत गर्ने गरी प्रकशित सूचना बमोजिम श्री महारुद्र कन्सट्रक्सन प्रा.लि. मकवानपुरबाट बोलपत्र दाखिला भई कार्यालयबाट उक्त ठेक्का स्वीकृत गरी सम्झौता गर्न आउन पत्राचार भएको तथा पुन ताकेता पत्र पठाउँदा समेत ठेक्का सकार गर्न नआएको हुँदा प्रचलित कानून बमोजिम निज बोलपत्रदाताले दाखिला गरेको बोलपत्र जमानत रु ६,००,०००। जफत गर्ने निर्णय गरियो । साथै सार्वजनिक खरिद ऐन, २०६३ तथा मनहरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

उल्लेखित व्यहोरा बमोजिम लोथर खोलाको नदिजन्य पदार्थको राजश्व संकलन सम्बन्धी ठेक्का लाग्न नसकेको उक्त खोला मनहरी गाउँपालिका र राप्ती नगरपालिकाको सिमानामा पर्ने भई द्यैध स्वामित्व कायम भएको अवस्थामा राजश्व संकलन गर्न राप्ती नगरपालिका र मनहरी गाउँपालिकाको संयुक्त कार्यपालिका बैठकले यस गाउँपालिकालाई अधिकार प्रदान गरेको अवस्था रहेको छ भने अर्को तर्फ ठेक्का नलागेको अवस्थामा नदिजन्य पदार्थ आपूर्ति गरी स्थानीय माग सम्बोधन गर्नुपर्ने एवं राजश्व संकलन कार्यलाई सुचारु गर्नु पर्ने कार्यालयको कर्तब्य रहेको हुँदा राप्ती नगरपालिकालाई आवश्यक जानकारी गराई एवम् चितवन राष्ट्रिय निकुन्जसँग आवश्यक समन्वय गरी अमानतबाट राजश्व संकलन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कार्यालयबाट तयार भई स्वीकृत भएको मनहरी खोला पुलदेखि उत्तर ५०० मि. छाडी बाँकी रहेको क्षेत्रको नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन बमोजिम नदिजन्य पदार्थको आपूर्ति गर्ने सम्बन्धी कार्यालयबाट मिति २०८०।०२।१० मा उपभोक्ता/उद्योगी/फर्म आदिबाट माग संकलन गर्न कार्यालयबाट गरिएको सूचना



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कालाखेती

२०७८० जेठ १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

बमोजिम प्राप्त हुन आएको आवेदन माथि छलफल गरियो । उक्त क्षेत्रको नदिजन्य पदार्थ संकलनमा हाते औजारको प्रयोगलाई प्राथमिकता दिई नदिजन्य पदार्थ संकलन गर्नु पर्ने उक्त क्षेत्र हुँदै सडक मार्ग संचालनमा रहेको हुँदा उक्त क्षेत्रमा मेशीनरी औजार प्रयोग गरि संकलन/उत्खनन गर्दा मानवीय जोखिम बढ्न सक्ने देखिएकोले उक्त क्षेत्रमा हाते औजार प्रयोग गरी नदिजन्य पदार्थ संकलनको लागि प्राथमिकता दिन कार्यालयलाई निर्देशन दिने तथा स्थानीय उपभोक्ताहरुको माग आवश्यकता क्षमता तथा यस अघि नदिजन्य सामग्रीको उपलब्धता आदि समेतलाई विचार गरी निम्नानुसारको सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

स्वीकृत आई.ई.ई. अनुसारको परिमाण ३,२०,६६६

| क्र.सं. | मागकर्ताको नाम | सम्पर्क ब्यक्ती | प्रयोजन | माग परिमाण | उपलब्ध गराइने परिमाण | संकलन शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | दारिमवास क्रसर बालुवा वासिङ एण्ड सप्लायर्स प्रा.लि. मनहरी ८ | लिलाराज सुनार | प्रशोधन | १००००.०० | ४०००.०० | १६००००.०० | |
| २. | ओमशान्त वालुवा उद्योग मनहरी ८ | शुर्य लामा | प्रशोधन | ४००००.०० | २८५००.०० | ११४००००.०० | |
| ३. | कामना क्रसर रोडा तथा वालुवा उद्योग मनहरी ८ | राजु पोखेल | प्रशोधन | ४००००.०० | ३९५००.०० | १५८००००.०० | |
| ४. | सन्तोषी वालुवा उद्योग | अशोक लामा | प्रशोधन | २००००.०० | ८५००.०० | ३४००००.०० | |
| ५. | बर्तौला बालुवा उद्योग मनहरी ८ | गुणराज बर्तौला | प्रशोधन | ५०००.०० | २०००.०० | ८००००.०० | |
| ६. | चतुर्मुखी क्रसर तथा बालुवा प्रशोधन उद्योग प्रा.लि. मनहरी ८ | राजकुमार रावल | प्रशोधन | ५००००.०० | ३९५००.०० | १५८००००.०० | |
| ७. | स्वस्तिक क्रसर उद्योग प्रा.लि. मनहरी ९ | सरोज कुँवर | प्रशोधन | ४८०००.०० | ४२०००.०० | १६८००००.०० | |
| ८. | मनहरी क्रसर द्योग प्रा.लि. मनहरी ८ | सौगन लामा | प्रशोधन | ६००००.०० | ४७०००.०० | १८८००००.०० | |
| ९. | दुर्गा लक्ष्मी एग्रिगेट्स प्रा.लि. मनहरी ८ | के.आई.सिंह श्रेष्ठ | प्रशोधन | २४०००.०० | ५५००.०० | २२००००.०० | |
| १०. | दाडसिङ सेन्डको ईण्डष्ट्रिज मनहरी ८ | अनुप ढुँगाना | प्रशोधन | २००००.०० | ४५००.०० | १८००००.०० | |
| ११. | सिमपानी बालुवा प्रशोधन उद्योग मनहरी ८ | वावु लामा | प्रशोधन | २५०००.०० | ४५००.०० | १८००००.०० | |
| १२. | आफ्नै वालुवा उद्योग मनहरी ९ | होमराज मगर | प्रशोधन | २५०००.०० | १३०००.०० | ५२००००.०० | |
| १३. | जनसेवा क्रसर बालुवा | विष्णु ढकाल | प्रशोधन | ६००००.०० | ४४०००.०० | १७६००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उद्योग प्रा.लि. मनहरी ८ | | | | | | |
| १४. | जय मनहरी बालुवा उद्योग प्रा.लि. मनहरी ८ | सौगन लामा | प्रशोधन | २००००.०० | १४०००.०० | ५६००००.०० | |
| १५. | भोलन सप्लायर्स मनहरी ७ | इन्द्र बहादुर भोलन | प्रशोधन | १००००.०० | २०००.०० | ८००००.०० | |
| १६. | न्यू बुद्ध सप्लायर्स मनहरी ७ | शिव संकर श्याङतान | प्रशोधन | १००००.०० | २०००.०० | ८००००.०० | |
| १७. | शिताष्म सप्लायर्स मनहरी ८ | शुदर्शन उप्रेती | प्रशोधन | १५०००.०० | ३५००.०० | १४००००.०० | |
| १८. | जय हनुमान कन्ट्रक्सन एण्ड सप्लायर्स मनहरी ९ | मधुसुदन ढकाल | प्रशोधन | १५०००.०० | २५००.०० | १०००००.०० | |
| १९. | आर.ए.बि. कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. मनहरी ७ | अमृत बर्तौला | प्रशोधन | १२०००.०० | २०००.०० | ८००००.०० | |
| २०. | आर.आर. सप्लायर्स मनहरी ८ | राजन मैनाली | प्रशोधन | १००००.०० | २०००.०० | ८००००.०० | |
| २१. | हिमचुली सप्लायर्स मनहरी ८ | किशोर सुवेदी | प्रशोधन | १००००.०० | २०००.०० | ८००००.०० | |
| २२. | अस्मतित सप्लायर्स मनहरी ८ | | प्रशोधन | १५०००.०० | ३०००.०० | १२००००.०० | |
| २३. | विनोद पाख्रिन मनहरी ८ | | जग्गा पुर्ने | १००००.०० | | ०.०० | |
| २४. | सुनिल स्याङतान मनहरी ८ | | जग्गा पुर्ने | ४००००.०० | | ०.०० | |
| २५. | किरण गिरी मनहरी ८ | | जग्गा पुर्ने | ४००००.०० | | ०.०० | |
| | जम्मा | | | ६३४०००.०० | ३१५५००.०० | १२६२००००.०० | |

पुनश्च तोकिएको परिमाणमा सम्बन्धित फर्मले कम परिमाण मात्रको रकम बुझाई परिमाण बाँकी रहेमा थप रकम दाखिला गर्ने अन्य फर्म/व्यक्तिलाई संकलन उपलब्ध गराउन सकिनेछ ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा दिन प्रतिदिन बढ्दै गएको जनसंख्या र बजारीकरणका कारण फोहोरमैला तथा प्रदुषण समेत थपिँदै गएको र गाउँपालिकाले मनहरी बजार लगायत सीमित क्षेत्रमा मात्र फोहोर संकलन तथा व्यस्थापन गर्दै आएकोमा सो को दायरा बढाउनु पर्ने स्थानीयवासीको माग रहको हुँदा गाउँपालिका क्षेत्रको बढ्दो फोहोर संकलन तथा व्यवस्थापन दिगो रुपमा गर्न आवश्यक अध्ययन गरी सिफारिस गर्ने देहाय बमोजिम फोहोर व्यवस्थापन सिफारिस समिति गठन गरी समितिलाई १५ दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

देहाय

१. वडा अध्यक्ष ३ नं. वडा श्री अनन्तप्रकाश अर्याल -संयोजक

२०७८० जेठ १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

२. वडा अध्यक्ष १ नं. वडा श्री शिवप्रसाद खनाल - सदस्य

३. मनहरी स्थित उ.वा. संघको प्रतिनिधि - सदस्य

४. कार्यपालिका सदस्य श्री मिरा खत्री - सदस्य

५. लेखा अधिकृत श्री राजेन्द्र भट्टराई - सदस्य सचिव

उपरोक्त प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल